# रोङ गाउँपालिका कर्मचारीको तह बृद्धि सम्बन्धी कार्यविधी, २०८०

रोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, ईलाम

कोशी प्रदेश, नेपाल

# कर्मचारीको तह बृद्धि सम्बन्धी कार्यविधी, २०८०

**१. प्रस्तावना:-**

कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० मा गरिएको तह बृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी रोङ गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

२. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधीको नाम "कर्मचारीको तह बृद्धि सम्बन्धी कार्यविधी, २०८०" रहेको छ ।

(२) यो कार्यविधी रोङ गाउँपालिकाको राजपत्रमा प्रकाशन भए पछि लागू हुनेछ ।

३. **परिभाषा:-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,-

(क) "अध्यादेश" भन्नाले स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले सङ्घीय लोक सेवा आयोगबाट गाउँपालिकामा सिफारिस भई नियुक्ति भएका कर्मचारी, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारी, स्थानीय तह अन्य सेवामा कार्यरत कर्मचारी, प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई नियुक्ति भएका रोङ गाउँपालिका भित्रका विभिन्न शाखाका र निकायमा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले रोङ गाउँपालिका सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" रोङ गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) "कार्यालय" भन्नाले नेपालको संविधान तथा प्रदेश कानून बमोजिम स्थापित गाउँपालिका अन्तर्गतका सचिवालय, प्रतिष्ठान, वडा कार्यालय, स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

(छ) कर्मचारीको तह बृद्धि र बढुवाका लागि ज्येष्ठताको गणना अध्यादेशको दफा २७ अनुसार गरिनेछ ।

(ज) स्थानीय सेवाको गठन सम्बन्धि व्यवस्था अध्यादेशको परिच्छेद-२ बमोजिम हुनेछ ।

**४. सूचना प्रकाशन गर्नेः-** अध्यादेशको दफा २८ बमोजिम कर्मचारी तह वृद्धिका लागिः-

(१) दफा (६) बमोजिम तह बृद्धि गर्दा प्रत्यक आर्थिक वर्षको माघ एक गते र श्रावण एक गतेबाट १ एक महिना अघि  गाउँपालिकाले तह बृद्धि हुने कर्मचारीको लागि अनुसुची-१ वमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचनापाटी, वडा कार्यालयहरुको सूचनापाटी, गाउँपालिकाको वेभसाइट, सामाजिक सञ्जाल आदिमा प्रकाशन, प्रशारण गर्नुपर्नेछ ।

(३) उपदफा १ बमोजिम तह बृद्धि हुने कर्मचारीले उपदफा ४) बमोजिम सूचना प्रकाशन भए पश्चात् देहायका कागजातहरु संलग्न गरी अनुसुची-२ वमोजिम निवेदन पेश गर्नु पर्नेछ ।

क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

ख) संघिय र प्रदेश लोकसेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारीस भएको भए उक्त सिफारीस पत्र ।

ग) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

**५. सिफारिस समितिः-** स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को २८ को उपदफा ३ बमोजिम पेश भएका निवेदन र कागजातको मूल्याङ्कन गर्न गाउँपालिकामा देहाय बमोजिमको सिफारिस समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको एक महिला सहित २ जना बरिष्ठ कर्मचारी -सदस्य

उपदफा ५) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृतस्तर सातौं तहको हकमा समितिको संयोजक र सदस्य सचिव मात्र रहने छन् ।

**६. आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः-** (१)अध्यादेश दफा २८ तह बृद्धि सम्बन्धी व्यवस्था को दफा (१) बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीको तह बृद्धि गर्दा तह बृद्धि हुने पद भन्दा एक तह मुनीको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूह भित्र तह बृद्धि गरिनेछः-

| **क.स.** | **हालको तह** | **तह बृद्धि हुने तह** | **न्यूनतम शैक्षिक योग्यता** | |
|---|---|---|---|---|
| | | | **स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा** | **स्थानीय स्वास्थ्य सेवा** |
| १ | पाँचौं | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा न्यूनतम प्रवीणता तहमा प्रमाण पत्र तह वा कक्षा १२ उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

| | | | | |
|---|---|---|---|---|
| २ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३ | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) अध्यादेशको दफा २९ बमोजिम तथा अध्यादेशको दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मुल्याङ्कन तथा ज्येष्ठता र कार्य सम्पादनद्वारा बढुवा हुने पदहरूमा वढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवाकालिन तालिम लिएका र पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषतमा कम्तिमा नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र विज्ञापन हुनु भन्दा अघिको असार मसान्त सम्म देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्ने छः-

| **बढुवा हुने पद** | **बढुवा हुन लाग्ने सेवा अवधि** | **न्यूनतम शैक्षिक योग्यता** | |
|---|---|---|---|
| | | **स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा** | **स्थानीय स्वास्थ्य सेवा** |
| अधिकृत एघारौं | अधिकृत दशौं तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृत नवौं | अधिकृत आठौं तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृत सातौं | अधिकृत छैटौं तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| सहायक पाँचौं | सहायक चौथो तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा एस.ई.ई. वा सो सरह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

**७. तह वृद्धि सम्बन्धी विशेष व्यवस्थाः-**

(१) अध्यादेशको दफा ८ (१४) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गरी नियुक्ति पत्र दिनु पर्नेछ।

(२) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम निजामति सेवा वाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पुरा गरेका पाँचौ, सातौ र नवौ तहमा कार्यरत

कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पुरा गरी क्रमश छैटौ, आठौ र दशौ तहमा एक तह वृद्धि गरिनेछ ।

(३) अध्यादेश दफा ८ उपदफा (१६) बमोजिम अधिकृत स्तर सातौ र नवौ तहका पदहरुमा दफा २९ को प्रक्रिया पुरा गरी अध्यादेशमा तोकिए बमोजिमको वढुवा समितिले वढुवा गर्नेछ ।

(४) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैटौ तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौ तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौ तह कायम गरी दिने । यसरी सातौ तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ ।

(५) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिमको तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ ।

(६) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः- कोशी प्रदेश वाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएका स्थानीय तहमा तह वृद्धि हुने । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ ।

७) दफा (१) (२) (३) (४) (५) र (६) वमोजिम तहवृद्धि हुने कर्मचारीलाई अनुसुचि-३ वमोजिम नियुक्ति पत्र प्रदान गरिने छ ।

८) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिम अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहक सहायक तेस्रो तह र चौथो तहको पदमा समायोजन भई यो अध्यादेश जारि हुँदाका दिनसम्ममा पाँच वर्ष पूरा गरेका कर्मचारीहरुको एक पटकका लागि क्रमशः चौथो तह र पाचौं तहमा स्वतः तह वृद्धि हुनेछ । यसरी तह वृद्धि हुने पद स्वतः सृजना हुनेछ । त्यसरी स्वतः सृजना भई तह वृद्धि भएको पदमा सो कर्मचारि कुनै कारणले वहाल नरहेमा सो पद स्वतः खारेज हुनेछ ।

**८. जेष्ठता कायमः-** तह वृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रवण १ गतेबाट जेष्ठता कायम हुनेछ ।

**९. बाधा अडकाउ फुकाउनेः-** कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा यस गाउँ कार्यपालिकामा रहनेछ ।

**१०. <u>तह बृद्धि गर्न नहुनेः</u>** यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्यादेशको दफा ३१ बमोजिम स्थानीय तहको कर्मचारी देहायको अबस्थामा देहायको अवधिभर

बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन र उक्त अवधिभर निजको तह वृद्धि समेत रोक्का गरिनेछ ।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तलब बृद्धि वा बढुवा रोक्का भएकोमा तलबबृद्धि रोक्का भएको अवधिभर

(ग) असाधारण विदामा बसेकोमा सो विदाको अवधिभर

(घ) तह बृद्धि वा बढुवा रोक्का भएकोमा तहबृद्धि वा बढुवा रोक्का भएको अवधिभर

(ङ) अध्यादेशको दफा ४२ बमोजिम सेवा वा समुह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर।

(च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए निलम्बनको अवधिभर ।

**१९. जानकारी दिनु पर्नेः** अध्यादेशको दफा २८ को उपदफा (६) बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले १५ (पन्ध्र) दिनभित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ।

**१२. उजुरी/गुनासोः-** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

**१३. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधीमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूचि १**

दफा ४ को उपदफा १ सँग सम्बन्धित

मिति:

**तह बृद्धि हुने कर्मचारीले निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा ४ को उपदफा ५, दफा २८ र दफा २९ अनुसार तथा यस गाउँपालिका कार्यालयको **कर्मचारीको तह बृद्धि सम्बन्धी कार्यविधि, २०८० को दफा ६ र दफा ७ बमोजिम** तह बृद्धि हुने कर्मचारीहरुले ३० दिन भित्र देहाय बमोजिमको कागजातहरु संलग्न गरी यस कार्यालयमा सो कार्यविधिको अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

**पेश गर्नु पर्ने कागजातहरु**

क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

ख सङ्घीय/प्रदेश लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र

(ख) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(ग) पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने)

## अनुसूचि २

दफा ४ को उपदफा ३ सँग सम्बन्धित

**तह बृद्धि हुने कर्मचारीले पेश गर्ने निवेदनको ढाँचा**

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

रोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम ।

**विषय: तह बृद्धिको निवेदन पेश गरेको ।**

तहाँ कार्यालयको मिति २०८०/ / प्रकाशित तह बृद्धि हुने कर्मचारीले निवेदन पेश गर्ने सम्बन्धी सूचनानुसार देहायको विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

१. तह बृद्धि हुने कर्मचारीको नाम:

२. स्थायी ठेगाना

३. पद:

४. शुरु नियुक्ति मिति:

५. हालको पदमा नियुक्ति मिति:

६. शैक्षिक योग्यता:

**पेश गरिएका कागजातहरु**

क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

ख) सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र

(ख) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(ग) पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने)

**अनुसूचि-३**

**(दफा ७ को उपदफा ७ वमोजिम)**

**तह बृद्धि नियुक्तिको ढाँचा**

मिति:

विषय: तह बृद्धि नियुक्ति।

श्री ............................ (कर्मचारी संकेत नं...........)

रोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

इलाम ।

यस कार्यालयको मिति .................... को निर्णयानुसार स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको रोङ गाउँपालिका कर्मचारीको तह बृद्धि सम्बन्धी कार्यविधी, २०८० बमोजिम तपाईंलाई देहाय अनुसार तहबृद्धि गरिएको छ।

तहबृद्धि हुनु भएकोमा हार्दिक बधाई राष्ट्र सेवामा उच्च मनोबलका साथ कार्य सम्पादन गर्नु हुने अपेक्षा लिईएको छ ।

| हाल कार्यरत पदको विवरण | बढुवा/तह बृद्धि भएको पदको विवरण |
|---|---|
| १.सेवा: | १. सेवा: |
| २.समूह/उपसमूह: | २. समूह/उपसमूह: |
| ३.पद: | ३. पद: |
| ४.तह: | ४. तह: |

**बोधार्थ**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।
श्री मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, विराटनगर .
श्री प्रदेश किताबखाना विराटनगर ।